# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७४।०४।२२ गते

## प्रेस विज्ञप्ति

**विषय: अव्यवस्थित अवस्थामा रहेका तारहरुलाई व्यवस्थित गर्न निर्देशन दिएको ।**

---

काठमाडौं उपत्यकाका कतिपय सडक पेटीका पोलमा टाँगिएका टेलिफोन र केवल तारहरूले सहरको सौन्दर्यतामा ह्रास ल्याउनुका साथै दुर्घटना समेत निम्तिन सक्ने कुरालाई ध्यानमा राखी आयोगले आज सम्बन्धित निकायका प्रमुखहरूसँग छलफल गरी अव्यवस्थित अवस्थामा रहेका तारलाई व्यवस्थित गर्न निर्देशन दिएको छ ।

आयोगका सचिव श्री राजन खनालज्यूको अध्यक्षतामा भएको छलफल बैठकमा काठमाडौंको त्रिपुरेश्वर, सुन्धारा लगायतका ठाउँमा लत्रिएर अव्यवस्थित अवस्थामा रहेका तार एवं पोलहरूको श्रव्य दृश्य समेत देखाइएको थियो । यसरी अनावश्यक र अव्यवस्थित अवस्थामा रहेका तार हटाउने र लत्रिएका तारलाई व्यवस्थित गर्ने कार्यलाई अविलम्ब व्यवस्थित गरी सञ्चालनमा ल्याउने प्रतिवद्धता सम्बन्धित निकायका प्रमुखहरूले गर्नु भएको छ । सो छलफलमा सूचना तथा सञ्चार मन्त्रालय, दूर सञ्चार प्राधिकरण, नेपाल टेलिकम र नेपाल विद्युत् प्राधिकरणलाई बोलाइएको थियो ।

साथै आयोगले सहरी क्षेत्रमा देखिएका अव्यवस्थित टेलिफोनका तारहरूको दिर्घकालीन व्यवस्थापन गर्न आवश्यक योजना बनाई कार्य गर्न समेत सुझाव दिएको छ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता